मिति : २०७५ असोज ४ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको अठारौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | अनुपस्थित |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | अनुपिस्थत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री टीकादत्त राई | दस्तखत |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | दस्तखत |

प्रस्तावहरु :
१. बधाई तथा शुभकामना सम्बन्धमा ।
२. वडा कार्यालयको कार्यक्रम सञ्चालन खर्च सम्बन्धमा ।
३. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।
४. सेवाबाट अलग हुने अस्थायी/करार कर्मचारीहरुलाई सुविधा दिने सम्बन्धमा ।
५. विविध ।

निर्णय नं. १
नेपाल सरकारबाट प्रदान गरिने उत्कृष्ठ निजामति सेवा पुरस्कार, २०७५ बाट धनकुटा नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री टीकादत्त राई पुरस्कृत हुनु भएकोल उहाँलाई बधाई तथा आगामी दिनमा निरन्तर पदोन्नति र उत्तरोत्तर प्रगतिको शुभकामना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाका वडा कार्यालयहरु नियमित रुपमा सञ्चालनका लागि प्रादेशिक कानूनबाट निर्धारित भएको खर्च शिर्षकहरुमा सोही बमोजिम र अन्य खर्चका लागि तपसिलका शिर्षकमा निम्नानुसार कार्यालय सञ्चालन बजेट कायम गरी खर्च गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | विनियोजित शिर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | पानी बिजुली | १८००० |
| २ | सञ्चार | १८००० |
| ३ | आर्थिक सहायता | ६०००० |
| ४ | विविध | १६०००० |
| ५ | कार्यालय सञ्चालन | १५४००० |
| | **जम्मा** | **४१००००** |

निर्णय नं. ३

धनकुटा नगर क्षेत्रमा चालु आर्थिक बर्षमा समेत सामाजिक सुरक्षा भत्ता रकम सम्बद्ध वडा कार्यालयहरुको संयोजनमा स्थलगत रुपमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ११३ मिति २०७५।५।१२ को प्राप्त पत्रानुसार नेपाल सरकार अन्तरगतका विभिन्न निकाय वा आयोजनाहरुमा अस्थायी तथा करारमा कार्यरत जनशक्ती व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्री परिषद्) बाट मिति २०७५।५।०२ मा भएको निर्णयानुसारको उल्लेखित परिपत्रको बुँदा नं ८ बमोजिमको सुविधा उपलव्ध गराउने प्रयोजनका लागि सार्वजनिक सूचना प्रकासित गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगरपालिका नगरस्तरीय खोप समन्वय समितिको मिति २०७५।४।३१ को सिफारिस अनुसार नगर क्षेत्रमा तपसिलका स्थानहरुमा थप खोप केन्द्र स्थापना गरी स्थानीयस्तरमा खोप सेवा विस्तार गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडा नं. १ वडा कार्यालय भवन ।
२. वडा नं. १ निगाले,
३. वडा नं. ३ स्याउले,
४. वडा नं. ४ छारागाउँ,
५. वडा नं. ५, नेपाल परिवार नियोजन संघ भवन,
६. वडा नं. ६, पाङसिङ सहकारी भवन,
७. वडा नं. ८, राष्ट्रिय जनता आधारभूत प्रा.वि. टेकुनाला,
८. वडा नं. १०, पारिपात्ले

निर्णय नं. ६

धनकुटा नगर क्षेत्रका सार्वजनिक निर्माण एवम् सेवा व्यवस्थापन प्रयोजनका लीग धनकुटा नगरपालिका दररेट निर्धारण समितिको निर्णयानुसार सिफारिस भई चालु आर्थिक बर्षको लागि कार्यान्वयन गरिएको नगर दररेटलाई अनुमोदन गरियो ।

निर्णय नं. ७

धनकुटा नगरपालिका क्षेत्रमा प्रादेशिक राजधानी आन्दोलनका कारणले लामो समय सम्म भएको बजार बन्द र हडताल हुँदा ठेक्का सञ्चालकहरुको काबु बाहिरको परिस्थीतिका कारणले लामो समय सार्वजनिक सेवा अबरुद्ध हुन गएको र ठेक्का संचालकहरुलाई मर्का समेत परेकोले धनकुटा नगरपालिकाको स्वमित्वमा रहेका तपसिल बमोजिम हाट बजार तथा सवारी

पार्किङ संकलनको ठेक्कालाई परेको असरलाई मध्ये नजर गरी गत आर्थिक बर्षमा भएको ठेक्का रकमलाई राजश्व परार्मश समितिको मिति २०७५।३।४ गते बसेको बैठकका सिफारिस अनुसार तपसिल बमोजिम छुट दिने निर्णय गरियो ।

तपसिल :

१. सवारी पार्किङ शुल्क संकलन ठेक्कामा प्रतिदिन संकलन हुनु पर्ने न्यूनतम रकमका आधारमा १५ (पन्ध्र) दिनको हुन आउने जम्मा रु. ४४,२६०।-

२. विहिवारे हटिया ध.न.पा. ५ को ठेक्कामा प्रति हप्ता संकलन हुनु पर्ने न्यूनतम रकमको आधारमा ४ (चार) हप्ताको जम्मा हुन आउने रु। ३६,६९२।-

३. हिले हटिया धनपा १ को ठेक्कामा प्रति हप्ता संकलन हुनु पर्ने न्यूनतम रकमको आधारमा २ (दुई) हप्ताको जम्मा हुन आउने रकम रु. २१,१९२।-

निर्णय नं. ८

धनकुटा नगर कार्यपालिकाको कार्यालयका कर्मचारी सवारी चालक बेचन सरदार मोटर साईकल दुर्घटनामा परी नोवल अस्पताल र विराट अस्पतालमा खुट्टाको अपरेसन गरी हाल उपचारको क्रममा रहेकाले निजलाई उपचार बापत आर्थिक सहायता रकम रु. ३०,००० (तीस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी सवारी चालक श्री दिपेश भूजेलको छोरा विरामी भई वि.प. कोईरला स्वास्थय विज्ञापन प्रतिष्ठान धरानमा उपचार गराएको हुँदा निजलाई आर्थिक सहायता बापत रु. २५,०००।- ( पच्चिस हजार) रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

धनकुटा नगर क्षेत्रलाई २०७६ साल चैत्र मसान्त भित्रमा बालमैत्री नगर घोषणा गर्न तपसिल बमोजिमको राष्ट्रियस्तरको कार्यविधि र मार्गदर्शनलाई स्वीकार्यता गरी अभियान कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

१. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र घोषणा कार्यविधि, २०७० ।

२. बाल समुह गठन सहजीकरण मार्गदर्शन, २०७४

निर्णय नं. ११

धनकुटा उद्योग बाणिज्य संघ धनकुटाको कार्यालय भवनको भूइँ तलामा धनकुटा नगरपालिका ६ नं. वडा कार्यालय सञ्चालनमा आएको र विगत देखिनै संघबाट निशुल्क रुपमा उपल्वध हुँदै आएकाले धनकुटा उद्योग बाणिज्य संघलाई चालु आर्थिक बर्षमा संस्थागत विकास अनुदान बापत रु. २,००,०००।- (दुई लाख) रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२

वडा कार्यालयबाट नियमित रुपमा सेवा प्रवाह गर्नका लागि एकीकृत सम्पत्ति कर र व्यवसाय कर संकलनलाई सबै वडाहरुबाटनै सेवा उपलव्ध गराउन यथाशिघ्र व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७४/७५ को बार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति प्रतिवेदन उपर भएको बृहत छलफलमा प्राप्त भएकाा विभिन्न प्रकारका सुझाव र परामर्शलाई आत्मसात् गरी नगर कार्यापलिकाको कार्यलाई थप प्रभावकारी र जनमुखी बनाउने प्रतिवद्धता सहित आजको बैठक समापन गरियो ।